नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख ३० गते ०१ साल

भाग ४

कृषि पशुपालन र नहरमन्त्रालयको विज्ञप्ति

म्युनिसिपलिटीको क्षेत्रको रैकर जग्गा वितरण गर्ने नियम निर्धारित गर्ने बारेमा माननीय कृषि पशुपालन र नहरमन्त्री श्रीगणेशमानसिंहबाट मन्त्रिमण्डलमा पेश गर्नुभएकोमा १३-१-०९ को मन्त्रिमण्डलको बैठकबाट उक्त कर जग्गाको विषयमा अञ्चलप्रान्त स्थानीय स्वायत्त शासनमन्त्रालय मातहतमा राख्ने निर्णय भएको हुनाले उक्त क्षेत्रभित्रको जग्गा बारेमा यस मन्त्रालयमा कारवाई भइरहेको कागजहरू त्यस मन्त्रालयमा चलान भई गएको र अबदेखि तत्-सम्बन्धित कारवाई पनि सोही मन्त्रालयबाट हुने भएकोले यस विषयमा स्थानीय स्वायत्त शासनमन्त्रालयमा सम्बन्ध राख्नुहोला।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विज्ञप्ति

हरेक जिल्ला, गौंडा, गोस्वारा, माल, तहसीलसमेत जो जो छन्, सबैले आफ्नो इलाका सामयिक सरकारको पालामा हाल आवादीमा दर्ता भएका जग्गाहरू कुन कुन स्थानमा कति कति छन् र कसको आदेशबाट ककसको नाउँमा दर्ता भएको हो । त्यसमा केन्द्रीय सरकारको अनुमति पाइसकेको छ छैन, अनुमति पाएको भए कुन मन्त्रालयको अनुमति पाएको हो र अनुमति नपाएजति कलम कति छन् ? त्यो सबै खुलाई गजेट दाखिल भएको मितिले १५ दिन भित्रमा एउटा लगत तयार गर्न लगाई यस मन्त्रालयमा पठाउनू ।

२००७ साल फाल्गुन ७ तेदेखि आजसम्म श्रीमाननीय खाद्य कृषि-मन्त्री र कृषि पशुपालनमन्त्रीज्यूका आदेशानुसार दर्ता भएको हाल आवादी जग्गाबाहेक अरू कसका कसका आदेशबाट ककसलाई कहाँको कति जग्गा दर्ता गरिदिएको छ । हरेक जिल्ला, गौंडा, गोस्वाराले त्यसको लगत तयार गरी गर्न लगाई गजेट दाखिल भएको मितिको १५ दिनभित्रै सो यस मन्त्रालयमा पठाउनू ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।